**जानकी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ३१ | प्रमाणिकरण : २०७७।१२।२८
प्रकाशन : २०७७।१२।३१

## भाग-२

## जानकी गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि,२०७७

**प्रस्तावना :**

जानकी गाउँपालिकाको सर्वपरि विकासलाई अझ बदी टेवा दिन तथा जानकी गाँउपालिका बासी जनताको पिर मर्का तथा अति आवश्यक समस्याहरु समाधान तथा गाउँपालिको कार्यलाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) अन्तंगत रही जानकी गाउँकार्यपालिकाबाट यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम जानकी गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि रहनेछ ।

(२) यो कार्य विधि जानकी गाउँपालिकाको बैठकले पारित गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) काय विधि भन्नले जानकी गाउँपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि सम्झनु पर्नेछ ।

(ख) गाउपालिका भन्नले जानकी गाँउपालिका सम्झनु गर्नेछ ।

(ग) गांउ सभा भन्नले जानकी गाँउपालिकाको गांउ सभा सम्झनु गर्नेछ ।

(घ) समिति भन्नाले जानकी गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन समिति

सम्झनु पर्नेछ ।

(ङ.) अध्यक्ष भन्नाले जानकी गाँउपालिकाको निर्वाचित अध्यक्ष सम्झनु पर्नेछ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नले जानकी गांउपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ।

(छ) जानकी गापालिका अध्यक्ष विषेश कोष भन्नाले जानकी गाउपालिकाको गाँउ सभाले पारित गरेको पुँजीगत खर्च तर्फको बजेट बाट स्थापना भएको कोष सम्झनु पर्नेछ साथै यस कोष अन्तर्ग गाँउपालिकालाई अध्यक्ष वा अन्य निर्वाचित पदाधिकारी माफर्त आउने स्वदेशी तथा विदशी नगद अनुदान समेत समावेश हुनेछ ।

## परिच्छेद २

## सञ्चालन कार्य विधि

३.(क)अध्यक्ष विशेष कोष सञ्चालनको लागि देहाय बमोजिमको समिति रहनेछ। गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वयन व्यवस्थापन कार्य निम्न अनुसार गरिनेछ ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| अध्यक्षबाट मनोनित गाउपालिकाको सदस्य मध्येबाट १ जना | - सदस्य |
| गाँउ कार्यपालिका कार्यालयको प्रशासन शाखा प्रमुख | - सदस्य |
| गाँउ कार्यपालिका कार्यालयको लेखा शाखा प्रमुख | - सदस्य |

३.(ख) अध्यक्ष विशेष कोष सञ्चलन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

४. अध्यक्ष विशेष कोष अन्तर्गत खर्च हुने अवस्था को समस्या पहिचान भएमा वा निवेदन परेमा सो को मूल्याकन गर्ने कार्य दफा ३ (क) को समितिले गर्नेछ। उक्त समितिले मितव्ययिता, आवश्यकता , प्रभावकारिता तथा औचित्यताको आधारमा निर्णय गर्नु पर्नेछ।

५. अध्यक्ष विशेष कोषको सञ्चालन एन.आई.सी.एसिया बैंकको चल्ती खाता खोली प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ।

६. अध्यक्ष विशेष कोषको लेखा राख्ने तथा लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

७. अध्यक्ष विशेष कोषको खर्च गर्ने क्षेत्रहरु तपशिलमा उल्लेख भए बमोजिम हुनेछ

- विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्दार तथा राहत कार्यक्रम
- जनशक्ति व्यवस्थापन तथा वृति विकासमा आवश्यक सहयोग,
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय प्राविधिक तथा पूर्वधारजन्य विकासको लागि आवश्यक कार्य गर्नु
- सरकारी भवन, विद्यालय, सभाहल, सामुदायीक भवन, र अन्य सार्वजनिक भवन तथा सरचना निर्माण, मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन

- नवीन, पर्याटकीय सेवा तथा कामहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यानवयन, व्यवस्थापन, अनुगमन तथा मुल्याकन
- प्राविधिक तथा व्यावसाहिक तरिकाको योजना पहिचान सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मुल्यांकन
- विद्यालयका गुणस्तर वृद्धि तथा पाठ्य सामाग्री खरिद तथा वितरण गर्न
- निशुल्क शिक्षा, जेहेन्दार तथा विपन्न विद्यार्थी छात्रवृति तथा प्रोत्साहानको व्यवस्थापन गर्न
- स्थानीयस्तरको आन, सीप, प्रविधियां संरक्षण, प्रबर्धन, तथा स्तरिकरण गर्न
- स्थानीय पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न
- खानेपानी तथा सरसफाई सचेतनाको अभिवृद्धि तथा स्वास्थ्य जन्य फोहोर मैलाको व्यवस्थापन |
- वातावरणीय वाय तथा जैविक विविध सम्बन्धी स्थानीय कार्यक्रम सञ्चालन, स्थानीय स्तरको जोखिम न्यूनीकरण स्थानीय हरित क्षेत्रको संरक्षण तथा प्रबंधन गर्न
- स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुंगे पुल, सिंचाई आयोजनाहरुको अकमिक मर्मत संगार तथा व्यवस्थापन
- कृषि तथा पशुपालन, कृषि उत्पादन तथा व्यवस्थापन तथा पशु स्वास्थ्य सम्बन्धी आवश्यक कार्यक्रम |
- भाषा, लिपि, साहित्य, रहनसहन, भेषभुण, कला संस्कृति संरक्षण तथा प्रवर्द्धन

- युवा तथा खेलकुद विकास तथा प्रवर्द्धन
- विपन्न नागरिकलाई स्वास्थ्य सेवा सहयोग तथा प्रवर्द्धन
- भैपरि आउने अति आवश्यक विकास निर्माण सम्बन्धि कार्यहरु
- महिला सशक्तिकरण, सिप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु
- स्वास्थ्य चौकी, आयुर्वेद औषधाल्य तथा अन्य स्वास्थ्य सेवा केन्द्रहरुमा अति आवश्यक औषधि, उपकरण खरिद तथा व्यवस्थापन ।
- गाउँपालिकाका अन्य सामरीक महत्वका विषयहरुमा ।

**परिच्छेद - ३**

**अन्य**

८. अध्यक्ष विशेष कोषको खर्च गर्ने क्षेत्रहरु गाँउ कार्यपालिकाको बैठकको साधारण बहुमतबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

९. यस अध्यक्ष विशेष कोषमा हुने रकम बजेट तथा कार्यक्रम तर्जुमा समितिले निर्धारण गरी गाउँ सभाले पारित गरे बमोजिम हुनेछ।

१०. यस जानकी गाउँपालिका अध्यक्ष विशेष कोष गाउँसभाको साधारण बहुमतले खारेज गर्न सक्नेछ।

## परिच्छेद - ४

## कार्यान्वयन व्यवस्था

७. कार्यान्वयन व्यवस्था :

गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वयन व्यवस्थापन कार्य निम्न अनुसार गरिनेछ ।

(१) रु. १ लाख सम्म प्रमुख प्रशासकीय अधिकृत, रु.१ लाख देखि रु.५ लाख सम्म गाउँपालिका अध्यक्ष र सो भन्दा माथि अध्यक्ष कोष संचालन समितिको निर्णय अनुसार कार्यान्वयन गरिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत